फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

प.सं. : २०७७।०७८
च.नं. : ४७४९

मिति: २०७८।०२।१४

**विषय : शै.स. २०७७ को कक्षा ८ का विद्यार्थीहरूको मूल्याङ्कन समेतको विवरण अद्यावधिक गर्ने सम्बन्धमा।**

श्री प्रधानाध्यापकज्यू,
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका,
काठमाण्डौं।

प्रस्तुत विषयमा, यस नगरपालिकाको च नं ४६७७, मिति २०७८।०२।०७ को पत्रानुसार आधारभूत तह कक्षा ८ का विद्यार्थीहरूको मूल्याङ्कन गरी मिति २०७८।०२।२५ गते भित्र शाखाको ईमेल ठेगाना kageshworieducation@gmail.com मा समेत उपलब्ध गराउन विद्यालयहरूलाई आधारभूत तह परीक्षा समितिको मिति २०७८।०२।०७ गतेको निर्णय अनुसार अनुरोध गरिएकोमा हालसम्म नगरपालिका क्षेत्रमा कोभिड १९ को सङ्क्रमण बढी रहेको साथै काठमाण्डौ जिल्ला प्रशासन कार्यालयले जारी गरेको निषेधाज्ञा समेत कायम रहेकोले विद्यालयहरूमा गई विद्यार्थीको प्राप्ताङ्क सङ्कलन गरी २०७८ जेठ मसान्त भित्र नतिजा तयार गर्न असहज भएकोले विषयगत रूपमा विद्यार्थीले प्राप्त गरेको प्रयोगात्मक र सैद्धान्तिक अङ्क २०७८ साल जेठ २५ गते भित्र नगरपालिकाको वेवसाईटमा दिइएको लिङ्क मा देहाय अनुसार अद्यावधिक गर्न गराउन सबै विद्यालयहरूलाई अनुरोध गरिएको छ। साथै नगरपालिकाले माग गरेका वखत पेस गर्ने गरी आधिकारीक व्यक्तिबाट प्रमाणित गरेको प्राप्ताङ्क सहितको विद्यार्थी मूल्याङ्कनको हार्डकपि तयार गरी राख्न सबै विद्यालयलाई अनुरोध गरिन्छ।

<u>तपसिल</u>

(क) लिङ्कमा जादा login Id, Password र Verification code प्रबिष्ट गरेपछी मात्र वेवपेज खुल्छ।

(ख) विद्यालयले आफ्नो विद्यालयको ९ अङ्कको IEMIS कोडलाई School ID मा प्रविष्टि गर्ने।

(ग) परीक्षाको गोपनियताका लागि विद्यालयको लगईन पासवोर्ड गोप्य राखिएकोले मोवाईल नं ९८५१०६८७९९ मा Viber, WhatsApp, WeChat मार्फत वा सिधा सम्पर्क गरी **Password** लिनुहोला।

(घ) शाखाबाट उपलब्ध गराइने Password राखी तत् पश्चात ~~को~~ Verification Code बक्समा प्रविष्टि गर्नुहोला।

(ङ) लगईन गरेपछी शाखाबाट उपलब्ध गराईएको पासवोर्ड परिवर्तन गर्नु होला।

(च) Students Marks मा गै विद्यार्थीले हाँसिल गरेको प्रयोगात्मक र सैद्धान्तिक अङ्क प्रविष्ट गर्नु होला। फाराममा दिइएको प्रयोगात्मक अङ्कमा त्रुटी भए सो समेत अद्यावधिक गर्नु होला।

(छ) Students Info. मा गै विद्यार्थीको व्यक्तिगत विवरणमा नगरपालिकाले उपलब्ध गराएको प्रवेश पत्र र वेवसाइटमा डिस्प्ले हुने विद्यार्थीको विवरण रूजु एकिन गरी कुनै त्रुटी भए अद्यावधिक गर्नु होला।

(ज) परीक्षाको अङ्क समेतका विवरण प्रविष्ट गर्दा गोपनियता एवम् परीक्षाको मूल्य र मान्यता कायम गर्ने पक्षमा विद्यालय सदा झै जिम्मेवार बन्ने आशा एवम् दृष्ढ विश्वास लिइएको छ।

(झ) विद्यालयले पासवोर्ड परिवर्तन गरेको तर कुनै कारणबस भूल भएमा आधिकारिक व्यक्ति वा संस्थाबाट शाखामा सम्पर्क गर्दा पुन उपलब्ध गराइनेछ।

(ञ) आधारभूत तहको परीक्षाको अङ्क एवम् विवरण प्रविष्टि गर्ने सम्वन्धमा कुनै जानकारी आवश्यक परेमा नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाको इमेल वा माथि दिइएको मोवाईल नम्बरमा विहान ६ बजेदेखि रातको १२ बजेसम्म सम्पर्क गर्न सक्नुहुने छ।

(गोबिन्द प्रसाद शर्मा)
उपसचिव (दशौं तह)

**<u>बोधार्थ</u>**
श्रीमान् नगरप्रमुखज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्रीमान् नगर उपप्रमुखज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।